थाहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २०७९ संख्याः ०४ मितिः २०७९/०९/०२

भाग–२

थाहा नगरपालिका

## पर्यटकीय स्थल, पार्कहरु लिजमा दिई सञ्चालन गराउने सम्बन्धी कार्यविधी, २०७९

थाहा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९ गतेको वैठकको निर्णय अनुसार थाहानगर क्षेत्रमा पर्यर्टन प्रवद्दनका लागि यस कार्यविधि वाञ्छनीय भएकोले थाहा नगरपालिकाको प्रशासकीय कार्यविधि, २०७५ को दफा ४ बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१ **सक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधीको नाम "पर्यटकीय स्थल, पार्कहरु लिजमा दिई सञ्चालन गराउने सम्बन्धी कार्यविधी, २०७९" रहेको छ ।

क. यो कार्यविधि नगरपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क. "नगरपालिका" भन्नाले थाहा नगरपालिकालाई सम्झनु पर्छ ।

ख. "कार्यपालिका" भन्नाले थाहा नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

ग. "प्रमुख" भन्नाले थाहा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

घ. "उपप्रमुख" भन्नाले थाहा नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थाहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम गर्न तोकिएको अधिकृतलाई सम्झुन पर्छ ।

च. "लिज" भन्नाले भाडा रकम तोकी कुनै सरकारी जग्गा वा पर्यटकीय स्थलहरु उपलब्ध गराउने कार्य सम्झनु पर्छ ।

छ. "लिज प्राप्त कर्ता" भन्नाले पर्यटकीय स्थल तथा पार्कहरु प्राप्त गर्ने व्यक्ति संस्था वा निकायलाई सम्झनुपर्छ ।

ज. "स्थानीय तह" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमको निकाय सम्झनु पर्छ ।

झ. "नगर समिति" भन्नाले यस कार्यविधिको नियम ४ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

स्थानीय राजपत्र

## परिच्छेद २
## पर्यटकीय स्थल तथा पार्क सम्बन्धी व्यवस्थापन

**३ नगरपालिकाको जिम्मेवारी रहनेः**

क. पर्यटकीय स्थल तथा पार्कको निर्माण तथा व्यवस्थापन सम्बन्धी मुख्य जिम्मेवारी नगरपालिकाको रहनेछ।

ख. पर्यटकीय स्थल तथा पार्कको व्यवस्थापनको लागि स्थल आवश्यक पर्ने पूर्वाधार संरचना निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको रहने छ ।

ग. पर्यटकीय स्थल तथा पार्कको संरक्षण प्रवर्द्धन सम्बर्द्धन तथा दिगो रुपमा स्वच्छ र स्वस्थ वातावरण कायम राख्नको लागि नगरपालिकाले सम्बन्धित वडालाई जिम्मेवारी दिन सक्नेछ ।

४ **नगर समितिः** पर्यटकीय स्थल तथा पार्कको संरक्षण सम्बर्द्धन तथा व्यवस्थापनको लागि नगरस्तरमा नगर प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको नगर समिति रहनेछ ।

| | |
|---|---|
| संयोजक | नगर प्रमुख |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी |
| सदस्य | कार्यपालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको १ महिला सहित २ जना |
| सदस्य | पर्यटन व्यवसायी वा पार्क संरक्षण समितिको अध्यक्ष तथा सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको १ महिला सहित २ जना |
| सदस्य | थाहानगर उद्योग वाणिज्य संघ प्रतिनिधि सदस्य-१ |
| सदस्य सचिवः | पर्यटन महाशाखा/शाखा प्रमुख |

क. समितिले आवश्यकतानुसार स्थानीय नापी कार्यालयको प्रतिनिधी तथा विषयगत विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ख. समितिले बैठक सम्बन्धी आफ्नो कार्यविधी आफै निर्धारण गर्नेछ ।

**५ नगरस्तरीय समितिको काम कर्तव्य र अधिकारः**

क. नगर भित्रका पर्यटकीय स्थल तथा पार्कको पहिचान गरी आर्थिक तथा प्राकृतिक श्रोतको उच्चतम प्रयोगको लागि कार्ययोजना बनाउने ।

ख. नगर भित्र पर्यटकीय स्थल तथा पार्कहरु निर्माण गर्ने ठाउँको पहिचान गर्ने ।

ग. उपनियम (क) र (ख) बमोजिम पहिचान भएका पर्यटकीय स्थल तथा पार्कहरु कार्य प्रारम्भका लागि कार्ययोजना सहित नगर कार्यपालिकामा पेश गर्ने।

घ. नगरपालिका भित्र निर्माण तथा सञ्चालन भएका पर्यटकीय स्थल तथा पार्कहरुको व्यवस्थापन सम्बन्धमा वडास्तरीय समितलाई आवश्यक निर्देशन दिने ।

ङ. पर्यटकीय स्थल तथा पार्कहरुको रेखदेख सरसफाइ तथा व्यवस्थापनको लागि आवश्यक अनुदानको व्यवस्था गर्न कार्यपालिकामा सिफारिस गर्ने ।

च. वडास्तरीय समितिहरुसंग समन्वय गर्ने ।

छ. वडास्तरीय समितिलाई सकृय गराइ संरक्षण सम्बर्द्धन तथा व्यवस्थापनको पूर्ण जिम्मेवारी दिने ।

६ **वडा समितिः** पर्यटकीय स्थल तथा पार्कको संरक्षण सम्बर्द्धन तथा व्यवस्थापनको लागि वडास्तरमा वडाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| संयोजक | सम्बन्धित वडाको वडाध्यक्ष |

स्थानीय राजपत्र

| | |
|---|---|
| सदस्य | वडामा रहेका सामुदायिक संस्थाहरुको प्रतिनिधित्व हुने सामुदायिक संस्थाहरुको अध्यक्षहरु मध्येबाट वडा समितिबाट मनोनित १ जना महिला सहित २ जना |
| सदस्य | वडाध्यक्षले तोकेको वडा समितिको सदस्य १ जना |
| सदस्य सचिव | वडा सचिव |

**७ वडास्तरीय समितिको काम कर्तव्य र अधिकारः**

क. वडा भित्र निर्माण भइ सञ्चालित पर्यटकीय स्थल तथा पार्कहरुको लागि संरक्षण सम्बर्द्धन तथा व्यवस्थापनको लागि पूर्ण जिम्मेवारी लिने ।

ख. वडा भित्र सञ्चालिन पर्यटकीय स्थल तथा पार्कहरुलाई सफा हराभरा तथा व्यवस्थित बनाउने ।

ग. उपदफा ख बमोजिमको कार्यको जिम्मेवारी लिनका लागि स्थानीयस्तरमा व्यक्ति, संस्था र निकायहरुलाई आव्हान गर्ने ।

घ. लिजमा संचालित पर्यटकीय स्थल, पार्कहरू नियमानुसार संचालन भए/नभएको सम्बन्धमा निगरानी राख्ने र नियमन गर्ने ।

**८ नगर तथा वडा समितिको बैठक सम्बन्धी व्यवस्थाः**

१. नगर/वडा स्तरीय समितिको बैठक आवश्कता अनुसार बस्नेछ ।

२. बैठकको गणपूरक संख्या ५० प्रतिशत हुनेछ ।

३. बैठकको निर्णयको जानकारी नगर समितिले कार्यपालिका समक्ष पेश गर्नेछ ।

४. बैठकको निर्णय सामान्यतया सहमतिमा हुनेछ । सहमति नभएमा बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्णायक मत दिन सक्नेछ ।

५. समितिले आवश्यकता परेमा पर्यटनविद् वतावरण विद्‌लाई आमन्त्रण गर्न सक्नेछ ।

६. बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्ने छ ।

७. बैठक सम्बन्धी अन्य व्यवस्था समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. समितिका पदेन बाहेक अन्य सदस्यको पदावधि २ वर्षको हुनेछ ।

## परिच्छेद ३
## पर्यटकीय स्थल र पार्कहरु लिजमा दिने

**९ लिजमा पर्यटकीय स्थल र पार्कहरु उपलब्ध गराउन सकिनेः**

१. पर्यटकीय स्थल र पार्कहरुको अनुसूची १ मा उल्लिखित प्रयोजनको लागि लिजमा उपलब्ध गराउन सकिनेछ ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि सार्वजनिक वा सरकारी प्रयोजनको लागि आवश्यक पर्ने पर्यटकीय स्थल र पार्कहरु तेस्रो पक्षलाई लिजमा दिइने छैन ।

**१० लिजको प्रकार र अवधिः लिजको प्रकार र अवधि देहाय बमोजिम हुनेछ ।**

| | |
|---|---|
| क. अल्पकालीन | पाँच वर्षसम्म |
| ख. मध्यकालीन | बीस वर्षसम्म |
| ग. दिर्घकालीन | तीस वर्षसम्म |

**११ लिजमा पर्यटकीय स्थल र पार्कहरु उपलब्ध गराउने आधारहरुः**

१. देहायको आधारमा पर्यटकीय स्थल र पार्कहरुको लिजमा उपलब्ध गराउन सकिनेछ ।

स्थानीय राजपत्र

क. लिजमा पर्यटकीय स्थल र पार्कहरु लिनु उदेश्य औचित्य र कार्ययोजना

ख. लिज माग गरेको पर्यटकीय स्थल र पार्कहरुको रहेको स्थान र क्षेत्रफल

ग. लिजमा दिइने पर्यटकीय स्थल र पार्कहरुको विषयमा स्थानीय निकाय वा बासिन्दाको प्रतिक्रिया

घ. पर्यटकीय स्थल र पार्कहरुको संरक्षण र सुनिश्चितता

ङ. ऐतिहासिक पुरातात्विक धार्मिक सांस्कृतिक महत्वका स्थलहरुको मौलिकतामा असर नपर्ने कुराको प्रत्याभूति

च. भाडा रकम लिने गरी पर्यटकीय स्थल र पार्कहरुको लिजमा दिने भए लिज वापत पर्यटकीय स्थल र पार्कहरु उपलब्ध गराउदा प्राप्त हुने रकम ।

छ. नगरस्तरीय समितिले थप अधार निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ४
## लिजमा लिन प्रस्ताव पेश गर्ने सम्बन्धी व्यवस्था

**१२ निवेदन सम्बन्धी व्यवस्थाः**

१. नियम ९ प्रयोजनको लागि लिजमा लिन चाहने व्यक्ति, संस्था र निकायले तोकिए बमोजिमको निवदेन दस्तुर साथ देहाय बमोजिमको कागजातहरुको प्रतिलिपि संलग्न गरी कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

क. नागरिकताको प्रमाणपत्र प्रतिलिपी,

ख. संस्था, उद्योग, सहकारी, समूह दर्ताको प्रमाण पत्र, विधान, प्रबन्ध पत्र, नियमावलीको प्रतिलिपी,

ग. सूचनामा तोकिए उल्लेख भए बमोजिमको प्रस्ताव पत्र ।

## परिच्छेद ५
## सिफारिश सम्बन्धी व्यवस्था

**१३ समितिमा पेश गर्नेः** नियम ११ बमोजिमको प्रकृया अवलम्बन गर्दा सो पर्यटकीय स्थल र पार्कहरुको जग्गा लिजमा दिन उपयुक्त देखिएमा नगर समितिले आफ्नो राय सिफारिश नगर कार्यपालिकामा पठाउनु पर्नेछ ।

**१४ नगर समितिबाट सिफारिस गर्ने सम्बन्धी व्यवस्थाः**

१. कार्यालयबाट निवदेन सहितको कागजात प्राप्त भएपछि नगर समितिले सो सम्बन्धमा आवश्यक जाँचबूझ गरी लिजमा दिन उपयुक्त देखिएमा देहाय बमोजिमका कुराहरु खुलाई सिफारिश गर्नेछः

क. लिजमा दिने पर्यटकीय स्थल र पार्कहरुको जग्गाको क्षेत्रफल,

ख. लिज अवधि,

ग. अनुसूची २ मा उल्लेख भए बमोजिमको रकममा नघटाइ लिज वापतको वर्षिक रकम,

घ. लिज वापतको रकम कति वर्षमा कति प्रतिशतले वृद्धि हुने हो सो कुरा,

ङ. लिजमा लिनेले पालना गर्नेपर्ने शर्तहरु,

च. लिजमा पर्यटकीय स्थल र पार्कहरुको जग्गा दिन उपयुक्त देखिएका पर्याप्त आधार र कारणहरू ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नाफामूलक व्यवसायीक कारोबारका लागि लिजमा पर्यटकीय स्थल र पार्कहरुको जग्गा दिने सिफारिस गर्नु अघि नगर समितिले सो पर्यटकीय स्थल र पार्कहरुको जग्गाको लिज रकम सम्बन्धमा अनुसूचीमा तोकिएको रकममा नघटाई प्रतिस्पर्धा गराई जसले बढी रकम तिर्न कबूल गर्दछ सोही व्यक्ति निकाय वा संस्थालाई लिजमा जग्गा उपलब्ध गराउन सिफारिस गर्नेछ ।

स्थानीय राजपत्र

**१५ स्वीकृति सम्बन्धी व्यवस्थाः**

१. नियम ९ बमोजिम नगर समितिले आफ्नो राय सहित कुनै पर्यटकीय स्थल र पार्कहरु लिजमा दिने सिफारिश नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

२. उपनियम (१) बमोजिम नगरस्तरिय समितिबाट प्रस्ताव पेश भएपछि कार्यपालिकाको बैठक बसी उक्त बैठकबाट पर्यटकीय स्थल र पार्कहरु लिजमा उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

## परिच्छेद ६
## पर्यटकीय स्थल र पार्कहरु लिजमा दिने सम्बन्धी कार्य

**१६ लिज रकम निर्धारणः**

१. लिजकर्ताले वार्षिक रुपमा बुझाउनु पर्ने न्यूनतम लिज रकम स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२. उपनियम (१) बमोजिम लिज रकम निर्धारण गर्दा प्रचलित ऐन कानून बमोजिमको आधारमा गरिने छ ।

**१७ लिज सम्झौताः** कार्यपालिकाको निर्णयबाट पर्यटकीय स्थल र पार्कहरु लिजमा दिने निर्णय भएको हुँदा तोकिएका शर्त समेत उल्लेख गरी कार्यालयको प्रमुखले लिजमा लिने व्यक्ति निकाय वा संस्थाहरुसंग लिज सम्झौता गर्नु पर्नेछ ।

**१८ लिज सम्झौताको प्रमाण पत्रः** नियम (१७) बमोजिम लिज सम्झौता भएपछि पालिकाले अनुसूची २ बमोजिमको ढाँचामा लिज सम्झौताको प्रमाण पत्र लिज प्राप्त कर्तालाइ उपलब्ध गराउने छ ।

**१९ लिज रकम दाखिला गर्नुपर्नेः**

१. लिजमा पर्यटकीय स्थल र पार्कहरु प्राप्त गर्नेले प्रत्येक वर्षको हुन आउने लिज रकमको ५० प्रतिशत रकम सूचनामा तोकिए बमोजिमको बैंक खातामा अग्रिम जम्मा गरी नगरपालिकालाई जानकारी गराउनु पर्नेछ र तत् पश्चात मात्र लिज सम्झौता हुनेछ ।

२. उपनियम (१) बमोजिम अग्रिम भुक्तानीको म्याद सकिएपछिको बाँकी रकम नबुझाएमा सो अवधि पश्चात देहाय बमोजिम थप लिज रकम लाग्नेछः

(क) म्याद नाघेको छ महिनाभित्र रकम बुझाएमा लाग्ने लिज रकम सहित थप सम्झैताको १ प्रतिशत

(ख) म्याद नाघेको १ वर्ष भित्र रकम बुझाएमा लाग्ने लिज रकम सहित थप ३ प्रतिशत,

(ग) म्याद नाघेको १ वर्ष पश्चात् पनि रकम नबुझाएमा सम्झैता बमोजिम कार्यपालिकाले निर्णय गर्नेछ ।

**२० लिजमा पर्यटकीय स्थल र पार्कहरु लिनेको कर्तव्य तथा दायित्वः**

- पार्क तथा पर्यटकीय स्थल संचालनमा कुनै अवरोध तथा समस्या खडा भएमा नगरपालिकाले सहजीकरण गर्नेछ ।
- फोहोर व्यवस्थापन नगरपालिकाको नियमानुसार गर्नुपर्नेछ ।
- पर्यटकीय स्थलमा अवलोकन तथा भ्रमणमा आउने व्यक्तिहरुको नाम ठेगाना स्पष्ट रुपमा प्रविष्टी गर्नु पर्ने ।
- पर्यटकीय स्थलमा अवलोकन तथा भ्रमणमा आउने व्यक्तिहरुलाइ पर्यटकीय स्थलको सम्बन्धित कर्मचारीहरुले मात्र उक्त व्यक्तिहरुलाइ अवलोकत तथा भ्रमणको सेवा दिने ।

स्थानीय राजपत्र

- पर्यटकीय स्थलमा काम गर्ने कामदारहरुलाइ आपसी करार गरेर मात्र काममा लगाउनु पर्ने ।
- पर्यटकीय स्थल अवलोकन तथा भ्रमण गराउदा वाताबरणीय सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी पूर्ण पालना गर्ने ।
- पर्यटकीय स्थल लिजमा लिने व्यक्तिले सम्झौता पत्रमा तोकिए बमोजिमको मात्र काम गर्न पाउने ।
- पर्यटकीय स्थल अवलोकन तथा भ्रमण गर्न आउने व्यक्तिहरुले प्रष्ठसग देख्न पढन र बुझ्ने गरी गरी शुल्कहरु राख्नु पर्ने ।
- सम्झौतामा तोकिएको बमोजिमको क्षेत्र तथा स्थलहरु वाहेक अन्य क्षेत्र तथा स्थलहरुमा अवलोकन तथा भ्रमण गराउन नपाइने ।
- पर्यटकीय स्थलमा आवश्यकतानुसार ठाउँ-ठाउँमा विश्राम स्थल तथा फोहरहरु फाल्नको लागि डस्टविनको व्यवस्था गर्ने ।

२१ **लिज अवधि थप गर्ने सक्नेः** लिज अवधि समाप्त भएपछि लिज प्राप्त कर्ताले माग र औचित्यको आधारमा नगरस्तरीय समितिको सिफारिस तथा लिजकर्ताले आर्थिक वृद्धिको प्रस्ताव समेत समावेश गरी नगर समिति समक्ष निवेदन दिन सक्नेछ । लिज सम्झौताको अवधि कार्यपालिकाको निर्णयानुसार थप गर्न सक्नेछ ।

२२ **लिजको सम्झौता रद्द हुनेः** १. देहायको अवस्थामा नगरपालिकाले लिजको सम्झौता रद्द गर्न सक्नेछ ।

क. लिज प्राप्त कर्ताले नियम २० बमोजिम कर्तव्य तथा दायित्व पुरा नगरेमा,
ख. लिज प्राप्त कर्ताले जुन उदेश्य प्रयोजनका लागि पर्यटकीय स्थल र पार्कहरु लिएको हो सो प्रयोजनका लागि उक्त स्थल प्रयोग नगरेमा,
ग. लिज कर्ताले नगरपालिकालाई हानी-नोक्सानी हुने कुनै कार्य गरेमा,
घ. लिज वापत बुझाउनु पर्ने रकम नियम १९ बमोजिमको अवधिभित्र नबुझाएमा,
ङ. लिज प्रप्तकर्ताले तेश्रो पक्षलाई लिज/भाडामा लगाएको पाइएमा।

२. उपनियम (१) मा उल्लेख भए बमोजिमका कुनै कार्य लिज प्राप्त कर्ताबाट भए गरेको सम्बन्धमा नगरस्तरीय समितिले छानविन गरी नगर कार्यपालिका समक्ष रद्द/कारवाहि/जरीवानाको लागि सिफारिस गर्नेछ।

३. लिज सम्झौता रद्द गर्ने अधिकार नगरपालिकाको कार्यपालिकालाई हुनेछ ।

४. उपनियम (३) बमोजिम लिज सम्झौता रद्द गर्ने निर्णय भएमा लिजकर्ताले नगरपालिकासंग कुनै पनि प्रकारको क्षतिपूर्ति रकम दाबी गर्न पाउने छैन ।

५. लिज सम्झौता रद्द भएपछि लिजमा लिएको पर्यटकीय स्थल र पार्कहरुमा रहेका संरचना नगरपालिकालाई उपयोगी भएमा त्यस्तो संरचना समेत नगरपालिकाले प्राप्त गर्नेछ । पर्यटकीय स्थल र पार्कहरुमा निर्मित संरचनाको कुनै पनि रकम लिज प्राप्त गर्ने दावी गर्न पाउने छैन ।

६. लिज प्राप्त कर्ताले पर्यटकीय स्थल र पार्कहरु पूर्ववत अवस्था नल्याई नगरपालिकालाई आर्थिक भार पर्ने भएमा त्यस्तो आर्थिक भारको रकम निजबाट असुल उपर गरिने छ ।

## परिच्छेद ७

## पर्यटकीय स्थल र पार्कहरुको अनुगमन तथा निरीक्षण

२३ **अनुगमन तथा निरीक्षणः** १. नगरपालिकाले लिजमा उपलब्ध गराएका पर्यटकीय स्थल र पार्कहरुको अभिलेख अद्यावधिक गरी राख्नेछ । लिजमा लिएको प्रमाण अनुसूची २ बमोजिम दिइने छ ।

स्थानीय राजपत्र

२. लिजमा उपलब्ध गराइएका पर्यटकीय स्थल र पार्कहरु शर्त बमोजिम प्रयोग गरे नगरेको विषयमा नगरपालिकाले वर्षमा कम्तीमा एक पटक अनिवार्य रुपले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

३. उपनियम (२) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा शर्त बमोजिम गरेको नपाइएमा नगरपालिकाले शर्त बमोजिम कार्य सञ्चालन गर्न निर्देशन दिन वा सचेत गराउन सक्नेछ ।

४. उपनियम (३) बमोजिम निर्देशन दिएको वा सचेत गराएको विषयको जानकारी कार्यपालिकाको बैठकमा गराउनु पर्नेछ ।

५. लिजमा उपलब्ध गराएको पर्यटकीय स्थल र पार्कहरु कार्यपालिकाको सदस्यहरुले जुनसुकै वेला अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद ८
## उजुरी तथा कारवाही

२४ **उजुरी गर्न सक्नेः** १. कुनै पनि पर्यटकीय स्थल र पार्कहरु गैर कानूनी वा यस कार्यविधीको उदेश्य विपरित लिजमा उपलबध् गराएको सम्बन्धमा जो सुकैले पनि नगरपालिका तथा वडा कार्यालयहरुमा उजुरी दिन सक्नेछ ।

२. उपनियम (१) बमोजिम कसैले त्यस्तो उजुरी नगरपालिका वा वडा कार्यालयमा दिएमा ७ दिन भित्र त्यस्तो उजुरी नगरस्तरिय समितिमा पठाउनु पर्नेछ ।

३. उपनियम (२) बमोजिम उजुरी प्राप्त भएपछि नगर समितिले गैर कानूनी वा यस कार्यविधीको उदेश्य विपरित पर्यटकीय स्थल र पार्कहरु लिजमा उपलब्ध गराउन सिफारिश गरे वा नगरेको वा सो बमोजिम लिजमा सो स्थल र पार्कहरु उपलब्ध गराए वा नगराएको सम्बन्धमा छानविन गरी आफ्नो राय नगर कार्यपालिकामा गर्नेछ ।

४. उपनियम (३) बमोजिम समितिले गैर कानूनी वा यस कार्यविधी विपरित लिजमा पर्यटकीय स्थल र पार्कहरु उपलब्ध गराएको राय नगरपालिकामा पेश गरेमा सो विषयमा नगरपालिकाले कार्यपालिका समक्ष पेश गरी कार्यपालिकाको निर्णयद्वारा लिज सम्झौता रद्द/कारवाहि/जरिवाना गर्न सक्नेछ ।

२५ **प्रगति प्रतिवेदनः** १. लिजमा दिएको पर्यटकीय स्थल र पार्कहरुको बार्षिक प्रतिवेदन नगर कार्यापालिकामा पेश गर्नु पर्नेछ ।

२६ **अभिलेख सम्बन्धी व्यवस्थाः** १. नगरपालिकाका सम्बन्धित समितिहरुले लिजमा उपलब्ध गराएको पर्यटकीय स्थल र पार्कहरुको छुट्टा छुट्टै अभिलेख खडा गरी अद्यावधिक गरी राख्नुपर्नेछ र त्यस्तो अभिलेख वार्षिक प्रतिवेदनका साथ नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२७ **संरचना निर्माणः** पार्क तथा पर्यटकीय स्थलमा संरचना निर्माण गर्दा नगरपालिकाले तयार गरी स्वीकृत गरेको विस्तृत परियोजना प्रस्ताव (डीपीआर) अनुसार वा दोस्रो पक्ष आफैले गर्न चाहेमा त्यस्तो डिजाइन नगरपालिकाबाट स्वीकृत गराएर मात्र संरचना निर्माण गर्नुपर्ने छ ।

२८ **सहुलियत/सुविधाः** पार्क तथा पर्यटकीय स्थल सम्झौता गरी लिजमा लिएको समयावधि भित्र देशमा कुनै संकट, विपद् वा असामान्य अवस्था आइपरेमा नगर समितिको सिफारिसमा लिजकर्तालाई नगर कार्यपालिकले निर्णय गरे बमोजिम निःशुल्क सम्झौता अवधि थप र जरिवाना छुट दिन सक्नेछ ।

२९ **विविधः**

१. **निर्देशन दिन सक्नेः** यस कार्यविधिको प्रयोगमा बाधा अड्चन परेमा कार्यविधीले समेटन नसकेका विषयवस्तुमा तुरुन्त निर्णय गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

२. यस कार्यविधिको प्रावधानसँग नबाझिने गरी आवश्यक मापदण्डहरु निर्माण गरी लागु गर्न सकिनेछ ।

स्थानीय राजपत्र

अनुसूची १

**(कार्यविधीको नियम ९ संग सम्बन्धित)**

| क्र सं | लिजमा उपलब्ध गराउने प्रयोजन |
|---|---|
| | पर्यटकीय स्थल तथा पार्कहरु |
| १ | पार्क, औद्योगिक पार्क तथा औद्योगिक प्रदर्शनी स्थल |
| २ | मनोरञ्जन स्थल |
| ३ | रिसोर्ट वा पर्यटन व्यवसाय |
| ४ | व्यापारिक मल |

स्थानीय राजपत्र

अनुसूची २

**(कार्यविधीको नियम २३ संग सम्बन्धित)**

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## लिज सम्झौताको प्रमाण पत्र

श्री ………………………………………………………

………………………………………………………………

दर्ता नं.………………………… प्यान नं./भ्याट दर्ता नं. ………………………

थाहा नगरपालिका नगर स्तरिय समिति वा वडा स्तरिय समित ………………………………………………………… को मिति २० / / को निर्णयानुसार नगरपालिकाको नाममा कायम रहेको देहाय अनुसारको पर्यटकीय स्थल र पार्कहरु देहाय अनुसारको शर्त बन्देजहरु पालना गर्ने गरी लिजमा प्रयोग गर्न दिने निर्णय भएकोले यो प्रमाण पत्र दिइएको छ ।

१. लिजमा उपलब्ध गराइएको पर्यटकीय स्थल र पार्कहरुको विवरण
२. लिजको किसिमः अल्पकालीन/मध्यकालीन/दिर्घकालीन
३. लिजमा बहाल रहने अवधि …………………………… देखि ………………………………
४. पालना गर्नुपर्ने शर्त तथा वन्देजहरुः-
   क.
   ख.
   ग.
   घ.

कार्यालयको छाप

प्रमाण पत्र दिने अधिकारीको

सहिः
नाम, थरः
पदः
कार्यालयको नामः
मितिः

आज्ञाले,

नामः अजित घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र